त्रिभुवन विश्व विद्यालय

# श्री जनप्रकाश वहुमुखी क्याम्पस, लेखनाथ-१

स्थापित २०६२

## शिक्षक तथा कर्मचारी सेवा संवन्धी विनियम

२०६९

लेखनाथ नगरपालिका वडा नं. १

भण्डारढीक लेखनाथ

फोन नं. ०६१५६१३७८

त्रिभुवन विश्व विद्यायलय

# जनप्रकाश वहुमुखी क्याम्पस

## शिक्षक तथा कर्मचारी सेवा सम्वन्धी विनियम -२०६९

प्रस्तावना

जनप्रकाश वहुमुखी क्याम्पसको नियमावली २०५९(प्रथम संसोधन २०६६) को दफा १८ को अधिनमा रही क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको सेवा शर्त तथा सुविधाहरुलाई व्यवस्थित एवं सस्थागत गर्न वाञ्छनिय भएकाले (जनप्रकाश वहुमुखी क्याम्पस) शिक्षक तथा कर्मचारी सेवा सम्वन्धी विनियम २०६९ तर्जुमा गरिएको छ ।

परिच्छेद १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

(क) यस विनियमको नाम जनप्रकाश वहुमुखी क्याम्पस शिक्षक तथा कर्मचारी सेवा संवन्धि विनियम २०६९ रहेको छ ।

(ख) यो विनियम संचालक समिती वाट स्वीकृती प्राप्त भएको मिती देखी लागू हुने छ ।

२. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियममा,

(क) 'क्याम्पस' भन्नाले जनप्रकाश वहुमुखी क्याम्पसलाई संभ्कनुपर्दछ ।

(ख) 'सञ्चालक समिती' भन्नाले जनप्रकाश वहुमुखी क्याम्पसको सञ्चालक समितीलाई सम्झनुपर्दछ ।

(ग) 'नियमावली' भन्नाले जनप्रकाश वहुमुखी क्याम्पसको नियमावली २०५९ ( संसोधीत बिधान २०६६) लाई संभ्कनुपर्दछ ।

(घ) 'पदपूर्ति तथा छनौट समिती ' भन्नाले क्याम्पसको रिक्त दरवन्दीमा शिक्षक तथा कर्मचारीहरुको पदपूर्तिका लागि सिफारिस गर्ने समितीलाई जनाउनेछ ।

(ङ) 'प्रमुख' भन्नाले जनप्रकाश वहुमुखी क्याम्पसको क्याम्पस प्रमुख भन्ने सम्झनुपर्दछ ।

(च) 'सहायक क्याम्पस प्रमुख' भन्नाले क्याम्पस प्रमुखको मातहतमा रही काम गर्ने पदाधिकारी संभनुपर्छ ।

(छ) 'कार्यक्रम संयोजक ' क्याम्पसमा संचालित शैक्षिक कार्यक्रमको संयोजन गर्नका निम्ति तोकिएको व्यक्ति वा पदाधिकारीलाई संभनुपर्छ ।

(ज) 'विभागिय प्रमुख' भन्नाले क्याम्पसमा संचालित विभिन्न शैक्षिक कार्यक्रम वा शिक्षण समितीका अध्यक्ष वा प्रमुखका रुपमा कार्य गर्न तोकिएको व्यक्तिलाई संभनुर्छ ।

(झ) विभागमा भन्नाले क्याम्पसले तोके अनुसार विषयगत शिक्षण समितलाई जनाउदछ ।

(ञ) शिक्षक भन्नाले प्राध्यापक, सहप्रध्यापक, उपप्रध्यापक, सहायक प्रध्यापक वा शिक्षण सहायक, वरिष्ठ प्रशिक्षक, उपप्रशिक्षक र सहायक प्रशिक्षक लाई जनाउने छ ।

(ट) 'कर्मचारी ' भन्नाले क्याम्पसको प्रशासनिक, आर्थिक र प्राविधिक कार्यमा संलग्न विभिन्न तहका कर्मचारीलाई संभनुपर्छ ।

(ठ) पारिश्रमिक भन्नाले शिक्षक तथा कर्मचारीले सेवा गरे वापत क्याम्पस वाट नगदको रुपमा प्राप्त गर्ने तलव तथा अन्य सुविधा संभनुपर्छ ।

(ड) अख्तियारवाला भन्नाले यस विनियम वमोजिम तोकिएको अख्तियारवालालाई संभनुपर्छ ।

(ढ) विशेषज्ञ भन्नाले संवन्धित विषयमा विशेष अध्ययन भएको वा तालिम लिएको वा विशेष अनुभव प्राप्त व्यक्तिलाई जनाउछ ।

(णा) विनियम भन्नाले नियम र अन्य विनियमहरुलाई संभनुपर्छ ।

(त) अन्य विनियमहरु भन्नाले शिक्षक तथा कर्मचारी सेवा संवन्धि विनियम २०६९ र आर्थिक व्यवस्थापन संवन्धि विनियम २०६९ संभनुपर्छ ।

(थ) तोकिए वमोजिम भन्नाले यस विनियम अन्तर्गतका कार्य प्राणाली वा व्यवस्थापन प्रणाली तोकिएका कार्यहरुलाई संभनुपर्छ ।

## परिच्छेद २

## दरवन्दी सिर्जना र श्रेणी विभाजन

### ३.दरवन्दी सिर्जना

जनप्रकाश वहुमुखी क्याम्पसको नियमावली २०६९ को दफा १८ वमोजिम संचालक समितीले क्याम्पसमा देहाय वमोजिम शिक्षक तथा कर्मचारीहरुको दरवन्दी सृजना गर्न सक्ने छ ।

(क) क्याम्पस प्रमुखको संयोजकमा सहायक क्याम्पस प्रमुख र संचालक समितीले सिफारिश गरे वमोजिम क्याम्पसमा आवश्यकता अनुसार शिक्षक तथा कर्मचारीहरुको दरवन्दी सिर्जना गर्न सक्ने छ ।

(ख) दरवन्दी सृजना गर्दा क्याम्पसमा संचालित शैक्षिक कार्यक्रम वजेट तथा अवस्थालाई आधार मानि अनुसुचि १ मा दिएको फारम भरी क्याम्पस प्रमुखले संचालक समितीमा पेश गर्नेछन् ।

१. पद तथा श्रेणीहरु

क्याम्पसको सेवामा आवश्यक पर्ने शिक्षक तथा कर्मचारीहरुको पदलाई देहाय वमोजिम वर्गीकरण गरिएको छ । :-

क. शिक्षकहरु

| पद | श्रेणी |
|---|---|
| अ. प्राध्यापक | विशिष्ट |
| आ.सह -प्राध्यापक | प्रथम |
| इ. उप-प्राध्यापक | द्धितिय |

ख.कर्मचारीहरु

| पद | श्रेणी |
|---|---|
| अ. लेखापाल | |
| आ.हेडहसिसटेन्ट | |
| इ. पियन | |

४.पदको आवश्यकता

क्याम्पसमा संचालित शैक्षिक कार्यक्रम तथा कार्यवोझका आधारमा आवश्यकता वमोजिम क्याम्पस प्रमुखको सिफारिशमा संचालक समितीले समय समयमा शिक्षक तथा कर्मचारीको पद सृजना गर्न खारेज गर्न पद परिवर्तन गर्न समायोजन तथा कार्य विभाजन गर्न सक्नेछ ।

५. पद पुर्ति तथा छनौट समिती

क्याम्पस प्रमुख तथा अन्य पदाधिकारीहरु सहित रिक्त दरवन्दीमा शिक्षक तथा कर्मचारीहरुको पद पूर्ति क्याम्पस नियमावली २०६९ वमोजिम हुने छ ।

६.शिक्षक कर्मचारी छनौट समितको काम, कर्तव्य र अधिकार

पद पूर्ति तथा छनौट समितीको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुने छ :-

(क) रिक्त दरवन्दीमा तोकिएको प्रक्रिया पूरा गरी शिक्षक तथा कर्मचारीको नियुक्तिका लागि सञ्चालक समितीमा सिफारिस गर्ने ।

(ख) क्याम्पस सेवामा शिक्षक तथा कर्मचारीहरुको नियुक्तिका आधारहरु तोक्ने ।

(ग) क्याम्पस सेवमा आवश्यक शिक्षक तथा कर्मचारीको नियुक्तिका लागि परीक्षाको पाठ्यक्रम निर्धारण गर्ने र परीक्षा सञ्चालन गर्ने ।

(घ) क्याम्पस सेवामा रहेका शिक्षक तथा कर्मचारीको वृत्ति विकास वा क्षमता वा दक्षता वृद्धि गराउने लगायतका विषयमा क्याम्पसलाई सुझाव दिने ।

(ङ) छनौट समिती सञ्चालक समिती प्रति उत्तरदायि हुनेछ ।

(च) छनौट समितीले गरेका निर्णयहरुको अभिलेख राख्ने जिम्मा सदस्य - सचिवको हुनेछ ।

७. परीक्षा सञ्चालन गर्ने

क्याम्पस सेवाको पदपूर्तिका लागि परीक्षा सञ्चालन गर्दा पदपूर्ति तथा छनौट समितीले आवश्यकतानुसार देहायवमोजिमको प्रक्रिया अपनाउन सक्नेछ ।

क) खुला प्रतियोगितात्मक लिखित परीक्षा,

ख) खुला प्रतियोगितात्मक प्रयोगात्मक परीक्षा,

ग) आन्तरिक प्रतियोगितात्मक परीक्षा,

घ) अन्तवार्ता

ङ) समितीले तोकेका अन्य तरीकाहरु ।

८. क्याम्पस प्रमुख लगायतका पदाधिकारीहरुको नियुक्ति

क्याम्पस प्रमुख लगायत अन्य पदाधिकारीहरुको नियुक्ति सञ्चालक समिती वाट हुनेछ । यसरी नियुक्त पदाधिकारीहरुको पदावधि, काम, कर्तव्य, अधिकार एवं सेवा सुविधाहरु सञ्चालक समितीले तोके वमोजिम हुनेछ ।

९. शिक्षक तथा कर्मचारीको नियुक्ति

क्याम्पस सेवामा देहाय वमोजिमका शिक्षक तथा कर्मचारीहरु रहनेछन् :

(क) स्थायी

(१) छनौट समिती वाट सिफारिस भई क्याम्पस वाट स्थायी नियुक्ति प्राप्त गरेका शिक्षक तथा कर्मचारीहरुलाई स्थायी शिक्षक तथा कर्मचारी मानिनेछ ।

(२) क्याम्पसमा कार्यरत संस्थापक वा प्रारम्भ देखि अविछिन्न रुपमा सेवा गर्दै आएका शिक्षक तथा कर्मचारीलाई स्थायी शिक्षक तथा कर्मचारी मानिनेछ । तर अन्य संस्थामा स्थायी रहँदा सम्म क्याम्पस वाट सञ्चयकोष तथा उपदान सम्वन्धी दोहोरो सुविधा दिइने छैन । नियमानुसारका वा अरु कुनै विशेष सुविधा दिनका लागि यसले वाधा पार्नेछैन ।

(३) क्याम्पसमा स्थायी नियुक्ति लिइ सेवा गरिरहेका शिक्षक तथा कर्मचारीहरुको विनियममा उल्लेख भएवमोजिम सञ्चयकोष, उपदान लगायतका सुविधाहरु उपयोग गर्न पाउने छन् । तर यस क्याम्पसमा स्थायी नियुक्ती लिइ सेवा गरिरहेका शिक्षक वा कर्मचारीले पुनः अन्य क्याम्पस वा संस्थामा स्थायी नियुक्ति वुझेको मिती देखि सो व्यक्ति अस्थायी सरह मानिनेछ र जनप्रकाश क्याम्पसको सञ्चयकोष तथा उपदान सम्वन्धी सुविधा वाट स्वतः वञ्चित हुनेछ । यसरी नियुक्ति प्राप्त व्यक्तिहरुले चाहेमा र क्याम्पसलाई आवश्यकता परिरहेको अवस्थाामा उनीहरुको सेवालाई निरन्तरता दिन सकिनेछ ।

(४) भविष्यमा कुनै कारणवश आर्थिक संकट उत्पन्न भई क्याम्पसले खर्च धान्न नसक्ने अवस्था सिर्जना भएको खण्डमा प्रत्येक शिक्षक तथा कर्मचारीलाई दिइदै आएको तलब तथा सुविधामा कटौती गर्न सकिनेछ । यस्तो अवस्थामा यथासम्भव स्थायी सेवाका शिक्षक तथा कर्मचारीलाई सुविधामा पहिलो प्राथमिकता दिइनेछ ।

(ख) अस्थायी

अस्थायी शिक्षक तथा कर्मचारी भन्नाले देहाय वमोजिम जनाउनेछ :

(१) क्याम्पसको आवश्यकता वमोजिम अस्थायी सेवामा नियुक्त हुने शिक्षक तथा कर्मचारीहरु

(२) प्रारम्भ जनप्रकाश क्याम्पसमा स्थायी नियुक्ति प्राप्त गरिसकेपछि पुनः अर्को कुनै संस्थामा स्थायी सेवामा नियुक्त भएका शिक्षक तथा कर्मचारीहरु,

(३) यस क्याम्पसमा अस्थायी नियुक्ति लिइ तोकिएको सिप्टमा सेवारत शिक्षक तथा कर्मचारीहरु ।

स्पष्टीकरणः -

अ) विभिन्न कारणले रिक्त रहेको पदका लागि विनियममा तोकिए वमोजिमको प्रक्रिया पूरा गरी एक पटकमा कम्तीमा ६ महिना र वढीमा १ वर्षका लागि कुनै पनि योग्य व्यक्ति वा अन्य कुनै संस्थामा कार्यरत शिक्षक तथा कर्मचारीलाई तोकिएको सिफ्टमा काम गर्न अस्थायी नियुक्ति दिइनेछ र निजहरुको आवश्यकता वमोजिम क्रमशः सेवा अवधि थप वा नवीकरण गर्न सकिनेछ ।

आ) माथि जे सुकै लेखिए तापनि यस प्रकार नियुक्त भएका शिक्षक वा कर्मचारीहरु छनौट समिती द्धारा रितपूर्वक स्थायी पदपूर्ति गरेको अवस्थामा सोतह पदमुक्त हुनेछन् तर अविछिन्न रुपमा ५ वर्ष भन्दा लामो समय देखी अस्थायी वा करार सेवामा नियुक्ती लिइ सेवा गर्दै आइरहेका पूर्ण कालिन शिक्षक तथा कर्मचारीहरुलाई प्राथमिकताका आधारमा क्रमशः स्थायी गर्न सकिनेछ।

इ) यस सम्वन्धी विनियमको १, २ र ३ वमोजिमका अस्थायी शिक्षक तथा कर्मचारीहरुको तलव भत्ता तथा अन्य सुविधाहरु सञ्चालक समितीले तोके वमोजिम हुनेछ।

ई) अन्य क्याम्पस वा संस्थामा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई तोकिएको सिप्टमा नियूक्त गर्दा संवन्धित व्यक्ति सो संस्थामा जुन पदमा कार्यरत छ सो सरहको पदमा नियुक्त गर्न सकिने छ वा कुनै विशेष योग्यता र अनुभव भएका व्यक्तिलाई नियुक्त गर्दा थप सुविधा जिम्मेवारी र हैसियत पनि दिन सकिनेछ। यसरी गरिने नियुक्ति अस्थायी वा करार दुवै प्रकृतिका हुन सक्नेछ।

उ) यस क्याम्पसमा प्रथम पटक प्रवेश गरी अविछिन्न १० वर्ष सम्म सन्तोषजनक सेवा गर्ने पूर्ण कालिन कर्मचारीलाई ११ वर्षको प्रारम्भ देखि लागू हुने गरी एक तह माथिल्लो पदको तलव स्केल प्रदान गर्न सकिनेछ।

ग) करार

क्याम्पसको नियमित पठनपाठन एवं प्रशासनिक कार्य सञ्चालनका लागि आवश्यकता वमोजिम तोकिएको प्रकिया पूरा गरी अन्य कुनै संस्थामा कार्यरत शिक्षक तथा कर्मचारीलाई करार सेवमा नियूक्त गर्न सकिनेछ। करार सेवाका शिक्षक कर्मचारीहरुको सेवा अवधि तथा सुविधाहरु संचालक समितीले तोके वमोजिम हुनेछ।

घ) आंशिक र ज्यालादारी

शिक्षणतर्फ आंशिक समय पढाउने गरी शिक्षक र कुनै निश्चित कामका लागि मासिक ज्यालादारीमा कर्मचारी नियुक्त गर्न सकिनेछ। यसरी नियुक्त गरिएका आंशिक शिक्षक र मासिक ज्यालादारी कर्मचारीहरुलाई उनीहरुको दैनिक वा मासिक हाजिरीका आधारमा पारिश्रमिक उपलब्ध गराइने छ।

ङ) आंशिक समय वा अतिरिक्त समय काममा लगाउन सकिने

क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाइ समय र परिस्थिति अनुसार तोकिएको कक्षा भार वा जिम्मेवारी वा तोकिएको समयावधि र जिम्मेवारी वाहेक अन्य कुनै थप काम लगाउन सकिने छ। र यस्तो काम गरे वापत अतिरिक्त सुविधा उपलब्ध गराइने छ।

१०. पदपूर्ति गर्ने प्रक्रिया

सेवामा रिक्त रहेका पदहरु मध्ये शिक्षक तर्फ प्राध्यापक, उप प्राध्यापक तथा कर्मचारी तर्फ लेखापाल, लाइव्रेरियन, पियनको पदपूर्ति गर्दा क्याम्पस प्रमुखको सिफारिशमा सञ्चालक समिती द्वारा शैक्षिक योग्यता, कार्यदक्षता लगनशिलता एवं सेवा अवधिको जेष्ठताका आधारमा एक तह माथिल्लो पदमा वढुवा गर्न सकिने छ । उप-प्राध्यपक तथा कर्मचारी तर्फका पदहरु छनौट गर्दा खुला प्रतियोगिता द्वारा पूर्ति गरिनेछ तर यो विनियम लागू हुनुपूर्व नियुक्त भएका शिक्षक तथा कर्मचारीहरुको हकमा सञ्चालक समिती वा छनौट समितीले आवश्यक प्रक्रिया अपनाई स्थायि वा सेवालाई निरन्तरता प्रदान गर्न सकिनेछ ।

द्रष्टव्य : उपरोक्त दफा १० अनुसारको कार्य प्रयोजनका लागि निम्न वमोजिमको व्यवस्था गरिने छ :

क) क्याम्पसको विनियम जारी भएको मिती देखि सवै प्रकारको नियुक्तीहरु यस विनियममा उल्लेख भए वमोजिम लागु हुने छ ।

ख) यो विनियम जारी हुनु पूर्व भएका सवै नियूक्तिहरु यसै विनियम अनुसार भएको मानिने छ ।

११.वढुवा

क) शिक्षक तथा कर्मचारीहरुको शैक्षिक योग्यता, कार्यदक्षता, सेवा अवधिको ज्येष्ठता, लगनशिलता, अनुशासन तथा अन्य विशेष योग्यताका आधारमा क्याम्पस प्रमुखको सिफारिसमा सञ्चालक समिती द्वारा त्यस्ता शिक्षक तथा कर्मचारीको वढुवा गरिनेछ ।

ख) क्याम्पस प्रमुखको सिफारिसमा शिक्षक तथा कर्मचारीहरुको सेवा अवधि तथा निश्चित मापदण्डका आधारमा सञ्चालक समितीको निर्णय वाट गरिने वढुवा साविकको पद भन्दा एक तह माथिल्लो पदमा मात्र गरिनेछ ।

ग) वढुवा गर्दा शिक्षक तथा कर्मचारीको अविछिन्न सेवा अवधि कम्तीमा १० वर्ष पुगेको हुनुपर्नेछ । तर वढुवाको समयमा स्थायी भइसकेको हुनपर्नेछ ।

घ) उप-प्राध्यापक तहमा समेत गरी निरन्तर १६ (सोह्र) वर्ष सन्तोषजनक सेवा पूरा गरेपछि क्याम्पस प्रमुखको सिफारिसमा सञ्चालक समितीको निर्णयले १७ औ वर्ष देखि सह-प्राध्यापक तहमा वढुवा गर्न सकिनेछ । सवै तहका कर्मचारीहरुलाई समेत यो नियम लागू हुनेछ ।

ङ) शुरुको नियुक्ति वाट सह- प्रध्यापक तहमा समेत गरी निरन्तर २४ वर्ष सन्तोषजनक सेवा पूरा गरेपछि क्याम्पस प्रमुखको सिफारिसमा सञ्चालक समितीको निर्णयले २५ औं वर्ष देखि प्राध्यापक तहको तलव स्केलका दरले पारिश्रमिक दिन सकिनेछ ।

च)  एक तह वढुवा भइ सकेका कर्मचारीहरुलाई प्रत्येक ६ वर्ष सेवा पूरा गरिसके पछि सोतह भन्दा माथि एक तह वढुवा गर्न सकिने छ ।

❖ स्पष्टीकरण : माथि जे सुकै लेखिएको भए तापनि वढुवा सुविधा यस क्याम्पसमा मात्र कार्यरत शिक्षक तथा कर्मचारीहरुका लागि लागू हुनेछ । तर संस्थापक शिक्षक तथा कर्मचारीहरुका हकमा पदोन्नती हुन यसले वाधा पुर्‍याएको मानिने छैन ।

१२.वढुवा पदपूर्ति गर्ने तरीका

क्याम्पसको रिक्त रहेको दरवन्दीमा सो पद भन्दा मुनिको पदमा कार्यरत शिक्षक तथा कर्मचारीलाई निम्न आधारमा वढुवा गर्न सकिने छ । तर रिक्त पदलाई वढुवा द्धारा पूर्ति गर्ने वा आन्तरिक प्रतियोगिता पूरा गर्ने सम्वन्धमा अन्तिम निर्णय गर्ने अधिकार सञ्चालक समितीमा अन्तरनिहित हुनेछ ।

क) शैक्षिक योग्यता

ख) सेवा अवधि

ग) कार्यसम्पादन क्षमता

घ) अनुशासन तथा लगनशिलता

ङ) प्रकाशन/अनुसन्धानात्मक कृतिहरु, विषयगत पुरस्कार आदि ।

❖ द्रस्टव्य : शिक्षक तथा कर्मचारी वढुवाको मूल्यांकनका आधारहरु र तिनको अङ्क विभाजन त्रि.वि. नियमावलीमा व्यवस्था भए वमोजिम हुनेछ । त्रि.बि को नियमावलीले निर्धारण गरेको योग्यता र उमेरको हद लाई पालना गरिनेछ ।

१३. नियुक्ति प्रक्रिया र परीक्षणकाल

शुरु नियुक्ति देहायवमोजिम गरिनेछ :

क)  विज्ञापन : स्थायी, अस्थायी र करार सेवामा खुला वा आन्तरिक प्रतियोगिताद्धारा गरिने पदपूर्तिका लागि विज्ञापन गरिनेछ । विज्ञापन प्रकाशित गर्दा रिक्त पद संख्या, तह, आवश्यक न्यूनतम शैक्षिक योग्यता, उमेरको हद र छनौट गर्ने तरीका समेत खुलाइने छ ।

ख)  छनौट प्रक्रिया : छनौट प्रक्रिया अख्तियारवालाले तोके वमोजिम हुनेछ ।

ग)  सिफारिश:छनौट प्रक्रिया वाट छानिएका उम्मेद्वारलाई पदपूर्ति समितिले नियुक्तिका निम्ति सञ्चालक समितीमा सिफारिश गर्नेछ ।

घ) नियुक्ति : स्थायी सेवाका लागि समितिले नाम सिफारिश गरेका उम्मेदवारलाई सञ्चालक समितिको निर्णयमा क्याम्पस प्रमुखले एक वर्ष परीक्षण कालमा रहने गरी नियुक्तिपत्र दिनेछ । सो अवधिमा निजको कार्य सन्तोषजनक नभएमा निजको नियुक्ति रद्घ हुनेछ । यसरी नियुक्ति रद्घ भएमा वाहेक एक वर्षको परीक्षणकाल पूरा गरेका शिक्षक तथा कर्मचारीलाई परीक्षणकाल समाप्त भए पछि समर्थनपत्र दिइने छ ।

१५ पदावधि गणना गरिने

क्याम्पस सेवामा स्थायी नियुक्ति लिइ एक वर्षको परीक्षणकालमा रहेका व्यक्तिहरुको नियुक्ति सरद भएमा सो परीक्षणकालको अवधिलाई प्रत्येक आर्थिक वर्षमा थप गरिने ग्रेड वृद्धि तथा अन्य प्रयोजनको लागि गणना गरिनेछ ।

जनप्रकाश वहुमुखी क्याम्पसले नियमानुसार शिक्षक तथा कर्मचारी स्थायी गर्दा करार तथा अस्थायी सेवामा रहेका शिक्षक तथा कर्मचारीहरु स्थायी हुन पुगेमा निजहरुको करार तथा अस्थायी सेवा अवधिलाई समेत सेवा अवधि गणना गरिनेछ । यस प्रकारका शिक्षक तथा कर्मचारीहरुको हकमा निजहरुले करार तथा अस्थायी सेवामा रहँदा खाइपाई आएको ग्रेड समाप्त भई नयाँ ग्रेड स्थायी भएको मिती देखि प्रारम्भ हुनेछ ।

१८.कार्य विवरण

क्याम्पस सेवामा नियुक्त शिक्षक तथा कर्मचारीहरुको पदवमोजिम जिम्मेवारी एवं उनीहरुको काम, कर्तव्य र अधिकार (Job Description ) तोकिनेछ ।

१९.निमित्त भई काम गर्ने

क्याम्पस प्रमुख वा अन्य तोकिएको पदमा रहेका व्यक्ति कुनै कारणले ३० दिन भन्दा कम अवधिको लागि अनुपस्थित भएमा सो स्थानमा अर्को व्यक्तिले काम गर्ने अवस्था नभएको अवस्थामा निजको मातहतको तोकिएको पदाधिकारी, शिक्षक वा कर्मचारीले निमित्त जनाई दैनिक कार्य सञ्चालन गर्नुपर्नेछ । सो वमोजिम निमित्त भई काम गरेकोमा १५ दिन भन्दा कम अवधिका लागि भत्ता दिइने छैन तर सो भन्दा वढी काम गरेमा काम गरेको पदको शुरु तलब स्केल वमोजिम तलब भत्ता दिइने छ ।

२०. शिक्षक तथा कर्मचारीहरुको सेवाको सुरक्षा

देहायको अवस्थामा वाहेक अन्य कुनै पनि अवस्थामा शिक्षक तथा कर्मचारीलाई पर्याप्त सुनुवाइको मौका नदिई क्याम्पसको सेवा वाट बर्खास्त गरिने छैन ।

क) भागी पत्ता नलागेको वा कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको अवस्था । तर मनासिव माफिकको कारण पेश गरेमा सेवालाई निरन्तरता दिन सकिनेछ ।

ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालत वाट कसूरदार ठहरिएको अवस्था ।

ग) झुठा बिखबरण पेश गरी नियुक्ती लिएकोमा बर्खास्थ गरिनेछ । संचालक समितीले तलब भत्ता असुल उपर गरी लिन सक्ने छ ।

२१. क्याम्पस समय

क्याम्पसमा सञ्चालित दिवा र प्रातः कालिन शैक्षिक कार्यक्रमहरुका आधारमा क्याम्पसमा सेवारत शिक्षक तथा कर्मचारीहरुको समय सामान्यतया देहाय वमोजिम निर्धारण गरिएको छ :

क) क्याम्पसको अध्ययन तथा अध्यापन कार्यका लागि निर्धारण गरिने सिफ्ट समयहरु क्याम्पस प्रशासनले समय -समयमा तोके वमोजिम हुनेछ ।

ख) क्याम्पसले आवश्यकता वमोजिम शिक्षक तथा कर्मचारीहरुलाई सिफ्ट अनुसार कार्य विभाजन गर्न सक्नेछ ।

ग) जनप्रकाश क्याम्पसमा मात्र सेवारत शिक्षक तथा कर्मचारीलाई आवश्यकता अनुसार दुइ सिफ्टमा आधा/आधा समय काममा लगाउन सकिनेछ ।

घ) क्याम्पसको नियमित कार्यमा अवरोध नपुग्ने गरी रोटेशनका आधारमा कर्मचारीहरुलाई प्रात र दिवा समयमा ३०/३० मिनेटको खाजा खाने समय प्रदान गरिनेछ ।

## परिच्छेद : ३

## बिदा

जनप्रकाश बहुमुखी क्याम्पस J P M C पोखरा-१९, भण्डारढिक, कास्की

२२. विदाको प्रकार

जनप्रकाश वहुमुखी क्याम्पसका शिक्षक तथा कर्मचारीहरुलाई देहाय वमोजिमका विदाको सुविधा प्रदान गरिनेछः

अ) घर विदा

आ) विरामी बिदा

इ) प्रसूति बिदा

ई) पर्व बिदा

उ) भइपरी आउने विदा

ऊ) क्रिया बिदा

ए) अध्ययन बिदा

ऐ) बेतलवि बिदा

अ) घर बिदा

क) वर्षे र हिउँद बिदा नपाउने शिक्षक वा कर्मचारीले वर्षको ३० (तिस) दिन बिदा पाउनेछन् । घर बिदा लिनु अघि अनिवार्य रुपमा क्याम्पसको पूर्व स्वीकृति लिनुपर्नेछ ।

ख) घर बिदा बढीमा १२० (एक सय बीस) दिनसम्म सञ्चित गर्न सक्नेछ । क्याम्पसको आर्थिक अवस्थालाई हेरी सो भन्दा वढी सञ्चित विदाको प्रत्येक आर्थिक वर्ष समाप्त भए पछि कार्यरत पद वाट खाइपाई आएको तलवको हिसावले रकम उपलब्ध गराइनेछ यसरी उपलब्ध गराइने रकम एक महिनाको तलब भन्दा वढी हुनेछैन ।

ग) कुनै कारणवश शिक्षक, कर्मचारी सेवा वाट अलग भएमा निजको सञ्चित रहेको घर विदा वापत निज कार्यरत पद वाट खाइपाइ आएको तलबको दरले हुन आउने रकम निजले एकमुष्ट पाउने छ ।

घ) सेवा अवधिभित्र कुनै कर्मचारीको मृत्यु भएमा निजको सञ्चित रहेको घर बिदाको रकम मृत्यु हुँदाको अवस्थाको तलबको दरले हुने रकम निजको नजिकको हकवालालाई दिइने छ ।

ङ) हिउँदे र वर्षे विदा एवं स्थानिय बिदा क्याम्पस प्रशासनले निर्धारण गरे बमोजिम हुने छ ।

❖ स्पष्टीकरण : क्याम्पसको प्रशासनिक पदमा कार्यरत शिक्षक - क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख, कार्यक्रम संयोजक आदि) तथा अन्य सवै कर्मचारीहरुले वार्षिक ३० दिन घर बिदा पाउनेछन् तर वर्षे र हिउँदे बिदा उपभोग गर्ने शिक्षक तथा कर्मचारीहरुले घर बिदा पाउने छैनन् ।

आ) विरामी विदा

क) शिक्षक वा कर्मचारीलाई १ वर्षको सेवाका लागि १५ दिनको पूरा तलवी बिरामी बिदा दिइने छ । तर नियमित रुपमा ७ दिन भन्दा बढी अवधि विरामी विदा बस्नु परेमा पूर्व स्वीकृत लिनुपर्ने छ । यस्तो अवस्थामा विदा स्वीकृत गर्ने अख्तियारवालाले आवश्यक ठानेमा मान्यता प्राप्त चिकित्सक वाट प्रमाणीत प्रमाणपत्र पेश गर्नुपर्नेछ । अकस्मात विरामी परेका वा कुनै दुर्घटनामा परी गम्भिर विरामी भएको अवस्थामा अनुकुल वमोजिम सकभर चाँडो क्याम्पसलाई जानकारी गराउनुपर्दछ ।

ख) शिक्षक कर्मचारीले संपूर्ण विरामी विदाहरु सञ्चित गरी राख्न सक्नेछन् ।

ग) दफा २१ को 'अ' को 'ख' वमोजिम सञ्चित विरामी विदा वापत कुनै शिक्षक वा कर्मचारी जुनसुकै किसिमले सेवा वाट अलग भएमा निजको पदाधिकार रहेको पद वाट खाइपाई आएको तलवको दरले हुन आउने रकम निजले एकमुष्ट पाउनेछ ।

घ) सेवा अवधि भित्र कुनै शिक्षक वा कर्मचारीको मृत्यु भएमा निजको सञ्चित विरामी विदाको रकम मृत्यु हुँदाको अवस्थाको तलवको दरले हुन आउने रकम निजको हकवालालाई दिइने छ ।

ङ) कुनै ठूलो वा कडा रोग लागि उपचार गर्न शिक्षक वा कर्मचारीले सञ्चित गरेको विरामी विदाको र घर विदा वाट नपुग भइ थप विदा माग गरेमा क्याम्पस प्रमुखको सिफारिस तथा सञ्चालक समितीको स्वीकृतीमा संवन्धित व्यक्तिले पछि काम गरी पाउने १ वर्षको घर विदा र बिरामी विदा वाट कट्टा हुने गरी ४५ दिन सम्मको पेश्की स्वरुप थप विरामी विदा दिन सकिनेछ । तर अस्थायी वा करार सेवाका शिक्षक तथा कर्मचारीले पेश्की विदा पाउने छैनन् ।

इ. प्रसूति विदा

क) क्याम्पसको स्थायी सेवामा कार्यरत महिला शिक्षक तथा कर्मचारीहरुलाई गर्भवती हुँदाको अवस्थामा सामान्यतः सुत्केरी हुनु भन्दा अघि १५ दिन र पछाडि ४५ दिन गरी क्याम्पस सेवा अवधि भर २ पटक सम्म जम्मा ६०/६० दिन सम्मको प्रसुति विदा दिइनेछ ।

ख) क्याम्पसको अस्थायी वा करार सेवामा अटुट रुपमा दुई वर्ष देखि सेवारत कुनै पनि महिला शिक्षक तथा कर्मचारीहरुलाई ४५ दिनको पूरा तलबी र दुई वर्ष भन्दा कम अवधिका शिक्षक, कर्मचारीलाई ३० दिनको पूरा तलबी प्रसुति विदा दिइनेछ ।

ग) दुई पटक प्रसुति विदा उपयोग गरिसकेका शिक्षक, कर्मचारीको कुनै विशेष कारणवश दुवै वच्चाको निधन भइ पुनः गर्भवती भएको अवस्थामा प्रसुति अवधिमा पूरा तलव सहितको १ महिना प्रसुति विदा दिइनेछ ।

ई) पर्व विदा

क. क्याम्पस सेवामा कार्यरत शिक्षक, कर्मचारीले वर्ष भरीमा वढीमा ६(छ) दिन सम्मको पर्व विदा पाउनेछन् ।

ख. पर्व विदा सञ्चित गरी अर्को वर्ष लिन सकिने छैन ।

उ) भइपरी आउने विदा

क्याम्पस सेवामा कार्यरत कर्मचारीले १ वर्षमा ९ दिन सम्मको भइपरी आउने विदा पाउने छन् । दैवी वा आकस्मिक परेकोमा वाहेक भइपरी आउने विदा पूर्व स्वीकृति विना वस्न पाइने छैन र यो विदा सञ्चित गरी अर्को वर्ष लिन पाइने छैन ।

ऊ)क्रिया विदा

क्याम्पसमा कार्यरत कुनै पनि शिक्षक वा कर्मचारीको वावु, आमा, लोग्ने वा स्वास्नी, छोरा वा अविवाहित छोरीको निधन भई आफू क्रिया वस्नुपर्ने अवस्थामा त्यस्ता शिक्षक, कर्मचारीलाई कुल धर्म अनुसार काजक्रिया गर्न १५ दिन सम्मको पूरा तलबी क्रिया विदा दिइने छ । महिला शिक्षक तथा कर्मचारीलाई पनि सोही अनुसारको विदा दिइनेछ ।

ए) अध्ययन विदा

क. यस क्याम्पसमा मात्र अविछिन्न रुपमा ५ वर्ष भन्दा वढी अवधि सेवा गर्दै आएका शिक्षक, कर्मचारीहरुलाई क्याम्पसमा लाभदायक हुने खालका अध्ययन, अनुसन्धान तथा तालिममा सहभागि भई शैक्षिक योग्यता एवं कार्य दक्षता अभिवृद्धि गर्न चाहेको अवस्थामा सेवा अवधिभर वढीमा ३ वर्ष सम्मको अध्ययन काज दिन सकिने छ ।

ख. अध्ययन विदा वा अध्ययन काजको सुविधा उपभोग गर्न शिक्षक तथचा कर्मचारीहरुले कम्तीमादेहाय वमोजिमको अवधिसम्म क्याम्पसमा रही काम गर्नुपर्नेछ । यस्तो विदा स्वीकृत गर्नुपूर्व संवन्धीत शिक्षक, कर्मचारीलाई तोकिए वमोजिमको कवुलियत गराइनेछ ।

१. ६ महिनादेखि १ वर्ष सम्मको विदा वा काज विदा उपयोग गर्ने शिक्षक कर्मचारीले सो अध्ययन वा तालिमको समाप्ति पश्चात क्याम्पसमा कम्तीमा ३ वर्ष सेवा गर्नुपर्नेछ ।

२. १ वर्ष भन्दा वढी ३ वर्ष सम्म अध्ययन विदा उपयोग गर्ने शिक्षक तथा कर्मचारीले अध्ययनको समाप्ति पश्चात नियमित रुपमा ५ वर्ष सम्म क्याम्पसमा सेवा गर्नुपर्नेछ ।

ग. माथि उल्लेख भएवमोजिका क्याम्पसलाई लाभदायक हुने कुनै पनि अध्ययन वा तालिममा भाग लिन क्याम्पसले पठाएको अवस्थामा निजलाई वढीमा ६ महिना सम्म पूरा तलबी र वाँकी अवधि वेतलबी विदा दिन सक्नेछ । यदि यस्तो सुविधा उपयोग गरेपश्चात क्याम्पसले निर्धारण गरे वमोजिमको अवधि सम्म क्याम्पसमा सेवा नगरी आफू खुसी सेवा वाट हट्न चाहेमा वा अध्ययन विदामा रहँदाको अवधिमा अन्य संस्थामा आवद्ध भई आर्थिक लाभ हुने कार्य गरेको प्रमाणित भएमा त्यस्ता व्यक्तिको विदा रद्द गरी मनासिव वमोजिमको क्षतिपूर्ति निजको घर घराना वाट असुलउपर गरिनेछ ।

घ. क्याम्पसको स्वीकृति विना अध्ययन विदामा वस्ने शिक्षक तथा कर्मचारीलाई अध्ययन अवधिमा कुनै पनि किसिमको सुविधा दिइने छैन ।

ङ. क्याम्पसको स्वीकृति अनुसार अध्ययन विदामा वस्ने शिक्षक तथा कर्मचारीले अध्ययन विदा वा काज विदाको अवधिमा विरामी विदा वाहेक अन्य विदाहरु पाउने छैनन् ।

च. अध्ययन विदा ४५ वर्ष उमेर नाघेका शिक्षक, कर्मचारीलाई दिइने छैन । संवन्धित विषयको कार्यदक्षता अभिवृद्धिका लागि सञ्चालन हुने तालिम, सेमिनार, गोष्ठि आदिमा भाग लिनको लागि उमेरले वाधा पार्नेछैन ।

ऐ) बेतलवी विदा

विशेष कारण परी लामो विदा वस्नुपर्ने ५ वर्षे सेवा अवधि पूरा गरिसकेका शिक्षक तथा कर्मचारीहरुलाई विदा वस्नुपर्ने मुनासिव कारण पेश गरेमा क्याम्पस प्रमुखको तजविजले एक पटकमा १ वर्ष र वढीमा ३ वर्ष वेतलबी विदा दिन सकिनेछ । यस्तो विदा उपभोग गर्ने शिक्षक तथा कर्मचारीहरुको सो अवधिको सेवा गणना हुने छैन साथै ग्रेड तथा अन्य सुविधा समेत पाउने छैन ।

२२. विदा स्वीकृत गर्ने अधिकारी

अध्ययन विदा वाहेक अन्य संपूर्ण विदाहरु क्याम्पस प्रमुखले स्वीकृत गर्न सक्नेछन् । अध्ययन विदाको हकमा संवन्धित शाखा वा विभागीय प्रमुखको राय सहित क्याम्पस प्रमुखको सिफारिसमा सञ्चालक समिती वाट गरीने छ । कुनै कर्मचारी,जसको विदा वढी सञ्चित छ, त्यस्ता व्यक्तिलाई क्याम्पस प्रमुखले विदामा वस्न लगाउन सक्नेछन् । शिक्षक वा कर्मचारीको विदा स्वीकृत गर्दा संवन्धित विभाग वा शाखा प्रमुखको राय वा सिफारिस अनिवार्य हुनेछ ।

२३. विदाको अभिलेख

क्याम्पसमा कार्यरत शिक्षक, कर्मचारीहरुको बिदाको अभिलेख प्रशासन शाखाले राख्ने छ ।

२४. विदा अधिकारको रुपमा नहुने

विदा अधिकारको रुपमा मानिने छैन । क्याम्पसको काममा वाधा नपर्ने गरी दिइने सुविधा मात्र मानिने छ । विरामी विदा, क्रिया विदा र प्रसुति विदा वाहेक कुनै पनि विदा पूर्व स्वीकृति विना उपयोग गर्न पाइने छैन ।

परिच्छेद : ४

तलब, भत्ता, दशै खर्च, औषधि उपचार तथा अन्य सुविधाहरु

२५. तलब भत्ता

क) क्याम्पस सेवामा वहाल रहेका शिक्षक तथा कर्मचारीले आफ्नो पदमा वहाली गरेको दिनदेखि क्याम्पस वाट तोकिए बमोजिमको तलब, भत्ता र अन्य सुविधाहरु पाउनेछन् ।

ख) शिक्षक तथा कर्मचारीहरुले आफूले काम गरेको अवधिको तलब, भत्ताका साथै सञ्चित विदाको रकम तथा उपदान लगायतका नियमानुसारका सुविधाहरु निजले सेवा वाट स्वैच्छिक अवकाश लिएमा वा सेवा वाट हटाइएको अवस्थामा पनि पाउने छन् । तर त्यस्तो शिक्षक तथा कर्मचारीले क्याम्पस वाट अग्रिम पेश्की लिएको भएमा र नियत वश जानी जानी क्याम्पसको कुनै हानी नोक्सानी वा हिनामिना वा अन्य कुनै किसिम वाट क्याम्पसको विनिमयमा उल्लेखित खराव आचारण गरेको प्रमाणित भई सोही कारणवाट निस्काशित भएमा त्यस्ता शिक्षक, कर्मचारीको पाकेको तलब, भत्ता, उपदान वा अन्य सुविधा वाट क्षतिपूर्ति गरी असुलउपर गरिनेछ ।

ग) महिना शुरु भएको सामान्यतया पहिलो हप्ताभित्र प्रत्येक शिक्षक तथा कर्मचारीहरुलाई गएको महिनाको पारिश्रमिक तथा भत्ताहरु बैंक वाट चेक मार्फत भुक्तानी गरिने छ ।

घ) क्याम्पस सेवामा नियुक्त भएका शिक्षक तथा कर्मचारीहरुको तलब, भत्ता र अन्य सुविधाहरु सञ्चालक समितीले तोकेवमोजिम हुनेछ । सुविधा वृद्धि संवन्धमा सञ्चालक समितीले समायानुकुल समायोजन गर्दै जानेछ । दक्षता र विशेष अनुभवका आधारमा नियुक्त गरिने शिक्षक तथा कर्मचारीहरुलाई वढी तलब स्केल पनि तोक्न सकिनेछ ।

ङ) जनप्रकाश क्याम्पसमा मात्रै सेवारत स्थायी वा अस्थायी शिक्षक तथा कर्मचारीहरुले अतिरिक्त सिप्टमा काम गरे वापत निजहरुले खाई पाई आएको तलब स्केल वरावरको पारिश्रमिक पाउनेछन् ।

च) क्याम्पस सेवामा अविछिन्न रुपमा तीन वर्ष सेवा पूरा गरेका पूर्णकालिन शिक्षक तथा कर्मचारीहरुलाई त्रि.वि.ले व्यवस्था गरे वमोजिमको प्रत्येक वर्ष १ ग्रेडका दरले थप सुविधा प्रदान गरिनेछ । निजहरुले पाउने ग्रेडको दर र ग्रेडको अन्तिम हद देहाय वमोजिम हुनेछ :

| पद | जम्मा ग्रेड | ग्रेड दर |
|---|---|---|
| १. प्राध्यापक वा प्रशासक सरह | ५ | २६५/- |
| २. सह-प्राध्यापक वा सह- प्रशासक सरह | ११ | २३०/- |
| ३.उप प्राध्यापक वा उप प्रशासक सरह | १४ | १९५/- |
| ४. लेखापाल वा सो सरह | २० | ११०/- |
| ५.सो भन्दा मुनिका सवै पदका लागि | २२ | ८०/- |

२६. वार्षिक तलब वृद्धि तथा अन्य सुविधाहरु

क्याम्पस सेवामा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई क्याम्पसको आम्दानीको आधारमा सञ्चालक समितीको निर्णय वाट प्रत्येक वर्ष थप भत्ता तथा अन्य सुविधाहरु उपलब्ध गराउन सकिनेछ ।

२७. दैनिक तथा भ्रमण भत्ता

शिक्षक तथा कर्मचारीहरुले क्याम्पसको कामको सिलसिलामा भ्रमण गर्नुपर्दा पाउने दैनिक भ्रमण भत्ता तथा अन्य सुविधा सञ्चालक समितिले तोके वमोजिम हुनेछ ।

२८. दशैं भत्ता

क्याम्पस सेवामा वहाल रहेका शिक्षक तथा कर्मचारीहरुलाई निजले खाइपाई आएको १ महिनाको तलव वरावरको रकम प्रत्येक वर्ष दशैं भत्ताको रुपमा दिइने छ । तर दशैं विदा भन्दा अघि अन्तिमा ६ महिनाको सेवा पूरा नगरेका अस्थायी वा करार सेवाका शिक्षक तथा कर्मचारीहरुलाई यो सुविधा दिइने छैन । क्याम्पस सेवामा वहाल रहेका शिक्षक तथा कर्मचारीहरु दुवै सिप्टमा कार्यरत भए तापनि उनीहरुलाई जम्मा पूरा १ सिटको हिसावले १ महिना बरावरको तलब दशैं भत्ताको रुपमा दिइने छ ।

२९.औषधी उपचार खर्च

क्याम्पस सेवाका स्थायी शिक्षक तथा कर्मचारीहरुले सेवा वाट अवकाश प्राप्त गरे पश्चात देहाय वमोजिम खाईपाई आएको तलब वरावर औषधी उपचार खर्च पाउने छन् :

क) सहायक प्राध्यापक वा सो सरह र सो भन्दा माथिका शिक्षकहरु तथा सहायक प्रशासक वा सो सरह र सो भन्दा माथिका कर्मचारीहरुका लागि ६ महिनाको तलब ।

ख) सहायक प्रशिक्षक वा हेड असिस्टेण्ट सरहका शिक्षक तथा कर्मचारुहरुलाई ९ महिनाको तलब ।

ग) सहायक स्तर वा सो सरह भन्दा मुनिका सवै तहका कर्मचारीहरुलाई १२ महिनाको तलव

घ) औषधि उपचार स्वरुपको रकम कुनै गम्भिर एवं दिर्घ रोग लागि सम्वन्धित शिक्षक तथा कर्मचारीको आयश्रोत बाट धान्न नसक्ने प्रमाणित भएको अवस्थामा बाहेक सामान्यत: कम्तीमा २० वर्ष सेवा पूरा गरी अवकाश प्राप्त गरे पछिको अवधिमा मात्र एकमुष्ट प्रदान गरिनेछ । वहाल अवधि भित्रै निधन भएको खण्डमा सञ्चालक समितीको निर्णय बाट सम्वन्धित शिक्षक तथा कर्मचारीका हकवालालाई सोही अनुपातमा हिसाव गरी प्रदान गर्न सकिनेछ ।

३०. क्याम्पस सेवा पदकको व्यवस्था

क्याम्पसमा दीर्घ सेवा तथा राम्रो काम गर्ने शिक्षक तथा कर्मचारीलाई नियमित रुपमा वा समय समयमा सञ्चालक समितिले तोके वमोजिमको सेवा पदक, प्रमाणपत्र तथा नगद पुरस्कार प्रदान गर्न सक्नेछ ।

३१. दाह संस्कार खर्चः

क्याम्पस सेवामा वहालमा रहेको अवस्थामा कुनै वैतनिक पदाधिकारी वा शिक्षक वा कर्मचारीको मृत्यु हुँदा निजको दाह संस्कार वापत रु.१०,०००।-दश हजार मृतकको नजिकको व्यक्ति वा हकवालालाई दिइनेछ ।

३२. अधिक समय भत्ता

क्याम्पसका शिक्षक तथा कर्मचारीहरुलाई ७ घण्टा समयवधि भन्दा वढी समय काममा लगाइएको खण्डमा उक्त अतिरिक्त समय काम गरेवापत खाइपाई आएको तलबको डेढी तलब अथवा समय गणना गरी सट्टा बिदा पाउने छन् । पाले तथा चौकिदार पदको कार्य समय र तलब भत्ता संचालक समितीले तोके वमोजिम हुनेछ ।

३३. पोशाक तथा परिचयपत्र

क) क्याम्पसमा कार्यरत कर्मचारीहरुका लागि क्याम्पसले पोशाक उपलब्ध गराउने छ । कर्मचारीहरु कार्यालय अवधिमा क्याम्पसले निर्धारण गरेको पोशाकमा उपस्थित हुनुपर्नेछ ।

ख) क्याम्पस प्रशासनले संपूर्ण कर्मचारीहरुलाई परिचयपत्र उपलब्ध गराउने छ ।

## परिच्छेद : ५

## सेवा अवधि, अवकाश र उपदान

३४.सेवा अवधि

जनप्रकाश क्याम्पसमा कार्यरत शिक्षक कर्मचारीको उमेरको हद देहायवमोजिम हुनेछः

क) अनिवार्य अवकाशः शिक्षक तथा कर्मचारीहरुलाई निजको उमेर ६० वर्ष पूरा भए पछि क्याम्पस सेवा बाट अनिवार्य अवकाश दिइनेछ ।

ख) क्याम्पसको आवश्यकता, सम्वन्धित शिक्षक तथा कर्मचारीको योग्यता, कार्यकुशलता, इमान्दारिता, काम प्रतिको जिम्मेवारी एवं लगनशिलताका आधारमा उमेरको हदका कारण अनिवार्य अवकाशमा परेका शिक्षक तथा कर्मचारीलाई पनि क्याम्पस प्रमुखको सिफारीसमा सञ्चालक समितिले एकैपटक वा पटक पटक गरी करार सेवमा वढीमा २ वर्ष सम्मका लागि सेवा अवधि थप गर्न सक्नेछ ।

ग) शारीरिक वा मानसिक रुपले क्याम्पको नियमित कार्यमा सरिक हुन नसक्ने अवस्थाका शिक्षक, कर्मचारीलाई क्याम्पसले अवकाश दिन सक्नेछ र त्यस्तो अवस्थामा उपनियम (क) र (ख) ले वाधा पुर्‍याएको मानिने छैन ।

घ) क्याम्पसको दरवन्दी प्रस्वितन भई कुनै दरवन्दी खारेज भएमा वा क्याम्पसलाई कुनै पदको आवश्यकता नै नभएको अवस्थामा यथासम्भव उनीहरुको योग्यता, क्षमता र अनुभवका आधारमा पद परिवर्तन गरी मिलान गरिनेछ । यदि यस्तो अवस्था पनि नभएमा सो दरवन्दी वा पदमा वहाल रहेका शिक्षक वा कर्मचारीलाई कम्तीमा छ महिनाको अग्रिम तलब तथा विनियममा उल्लेख भए वमोजिमका अन्य सुविधाहरु दिइ सेवा बाट अवकाश दिन सकिनेछ ।

३५. सेवा बाट हटाउने वा वर्खास्त गर्ने

क्याम्पस सेवामा संलग्न शिक्षक तथा कर्मचारीलाई देहायको अवस्थामा क्याम्पस प्रमुखको सिफारिसमा सञ्चालक समितिले सेवा बाट हटाउन वा बर्खास्त गर्न सक्नेछ ।

क) क्याम्पसलाई नियतवश बारम्वार हानी नोक्सानी हुने काम गरी खराब आचरण गरेको प्रमाणित भएमा,

ख) मानसिक सन्तुलन गुमाएमा,

ग) मानसिक वा शारीरिक रुप बाट काम गर्न असक्षम सावित भएमा,

घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालत बाट सजाय पाएमा,

ङ) क्याम्पसको नियमित कार्यमा अवरोध सिर्जना गरेमा, आर्थिक लेखा तथा प्रशासनिक कुराहरु लुकाएमा, नष्ट गरेमा, ढाँटेमा वा पटक-पटक गैर जिम्मेवार काम गरेमा,

च) सुरुमा योग्यताको झुठा बिबरण पेश गरेकोमा

छ) विना सूचना लगातार ४५ दिन सम्म क्याम्पसमा अनुपशिथत रहेमा ।

३६.स्वैच्छिक अवकाश

२० वर्ष सम्म स्थायि सेवा गरिसकेका क्याम्पसका कुनै शिक्षक वा कर्मचारीलाई निजको इच्छा भएमा नियुक्ति गर्ने अधिकारीले सेवा बाट अवकाश लिन अनुमति दिन सक्नेछ । यस्तो स्वैच्छिक अवकाश लिने शिक्षक वा कर्मचारीहरुलाई अवकाश पश्चात नियमानुसारको सुविधको रकम एकमुष्ट उपलब्ध गराइने छ ।

३७.उपदान

कम्तिमा ८ वर्ष वा सो भन्दा वढी समय अस्थायी सेवा गरेका शिक्षक वा कर्मचारीहरुको अवकाश पाएमा वा राजिनामा स्वीकृत गराई क्याम्पस सेवा बाट अलग भएमा देहायको दरले उपदान पाउने छन् :

क) १२ वर्ष सम्म क्याम्पस सेवामा रहेका शिक्षक तथा कर्मचारीलाई क्याम्पस सेवामा आफू रहेको प्रत्येक वर्षका निमित्त खाइपाई आएको आखिरी तलबको दरले आधा महिनाको तलब ।

ख) १३ वर्ष भन्दा माथि १६ वर्षसम्म क्याम्पस सेवामा रहेका शिक्षक कर्मचारीहरुले क्याम्पस सेवामा आफू रहेको प्रत्येक वर्षका निमित्त खाईपाई आएको तलबको दरले एक महिनाको तलब ।

ग) १७ वर्ष देखि माथि २० वर्ष पूरा नभए सम्म क्याम्पस सेवामा रहेका शिक्षक कर्मचारीहरुले क्याम्पस सेवामा आफू रहेको प्रत्येक वर्षको निमित्त खाइपाई आएको तलबको ४५ दिनको तलब ।

घ) २० वर्ष भन्दा वढी क्याम्पस सेवामा रहेका शिक्षक कर्मचारीहरुले क्याम्पस सेवामा आफू रहेको प्रत्येक वर्षको निमित्त खाइपाई आएको तलबको ६० दिनको तलब ।

ङ) यस क्याम्पसमा मात्र सेवा गर्ने शिक्षक तथा कर्मचारीले यो सुविधाको उपयोग गर्न सक्नेछन् ।

३८. सञ्चय कोषको व्यवस्था

क) जनप्रकाश क्याम्पसका स्थायी शिक्षक तथा कर्मचारीहरुलाई स्थायी भएको मितीदेखि निजको मासिक तलबको १० प्रतिशतका दरले कट्टा गरी सोही वरावरको रकम क्याम्पस बाट थप गरी प्रत्येक शिक्षक तथा कर्मचारीहरुको छुट्टाछुट्टै खाता खोली कर्मचारी सञ्चय कोषमा जम्मा गरिनेछ ।

ख) शिक्षक तथा कर्मचारीहरुको सञ्चकोषमा जम्मा भएको रकमको सञ्चालन कर्मचारी सञ्चय कोष ऐन एवं नियमावली अनुसार नै हुनेछ ।

ग) क्याम्पसको स्थायी शिक्षक तथा कर्मचारीहरुले राजीनामा दिइ वा कुनै कारणवश अवकाश पाएमा उनीहरुको नाममा जम्मा भएको सञ्चय कोष फिर्ता पाउने छन् । तर कुनै शिक्षक, कर्मचारीले सेवा छाड्दाको वखत क्याम्पसमा पेश्की रकम तिर्नुपर्ने देखिएमा त्यस्तो रकम भुक्तानी नगरी सञ्चयकोष रकम फुकुवा गरिने छैन । शिक्षक तथा कर्मचारीको असामायिक निधन भएमा मृतकले इच्छाएको व्यक्ति वा निजको हकवालालाई रकम भुक्तानी दिइने छ ।

३९.नागरिक लगानीकोषको व्यवस्था

जनप्रकाश क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीले आफ्नो मासिक तलब बाट नागरिक लगानीकोषमा रकम जम्मा गर्न चाहेमा त्यस्ता शिक्षक तथा कर्मचारीको मासिक तलब बाट नागरिक लगानी कोषको नियमानुसारको रकम कट्टा गरी उक्त कोषमा पठाइनेछ । उक्त रकम फिर्ता लिई वा सापटी लिने सम्वन्धी संपूर्ण कुराहरु क्याम्पसको सिफारिसमा नागरिक लगानी कोषको नियमानुसार हुनेछ ।

४०. बीमा सम्वन्धी व्यवस्था

क. क्याम्पसमा स्थायी, अस्थायी तथा करार सेवामा कार्यरत प्रत्येक शिक्षक तथा कर्मचारीहरुलाई निज क्याम्पसमा कार्यरत रहे सम्मका लागि विमाको नियमभित्र रही क्याम्पसको तर्फ वाट दुई लाख सम्मको सामूहिक तथा व्यक्तिगत दुर्घटना वीमा गरिनेछ । बीमा गरिएका शिक्षक तथा कर्मचारी कुनै दुर्घटनामा परेमा निजको नजिकको हकवालालाई नियमानुसारको दुर्घटना बीमाको क्षतिपूर्ति रकम उपलब्ध गराइनेछ ।

ख. क्यामपसको सम्पत्तिको सुरक्षा एवं संरक्षण गर्नु सम्पूर्ण पदाधिकारी, शिक्षक, कर्मचारी र विद्यार्थीको कर्तव्य हुनेछ । आवश्यकता अनुसार क्याम्पसको जिन्सी, स्थिर सम्पत्ति वा जायजेथाको विमा गराइनेछ ।

## परिच्छेद : ६
## खराव आचरण र सजायँ

४१. आचारसंहिता

जनप्रकाश क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीले देहाय वमोजिमको आचारसंहिता पालना गर्नुपर्नेछ :

१) समय पालना र नियमितता : शिक्षक वा कर्मचारीहरु क्याम्पसले निर्धारण गरेको समयमा नियमित रुपमा हाजिर हुनपर्नेछ र यस नियमको अधिनमा रही तोकिएको विदाको लागि तोकिए वमोजिम स्वीकृति नलिई काममा अनुपश्थित हुनु हुँदैन ।

२) गोपनियता भङ्ग गर्न नहुने : शिक्षक वा कर्मचारीहरुले अख्तियारवालाको पूर्व स्वीकृति विना आफूले क्याम्पसमा कर्तव्य पालना गर्दा प्राप्त गरेको कागजपत्र वा वृतान्तलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुप वाट कुनै असम्वन्धीत व्यक्ति वा सञ्चार माध्यमलाई दिनुहुँदैन ।

३) आफ्नो सेवा र पद अनुसारको आचरण गर्नुपर्ने : शिक्षक तथा कर्मचारीहरुले क्याम्पस भित्र वा वाहिर आफ्नो बौद्धिक तथा प्राज्ञिक प्रतिष्ठा कायम रहने गरी आफ्नो आचारण तथा नैतिकता शुद्ध, उच्च र पवित्र राख्नुपर्छ ।

क्याम्पसलाई सहयोग गर्नुपर्ने : क्याम्पसको गरिमा र शैक्षिक प्रतिष्ठा उच्च राख्नका लागि आवश्यक पर्ने बौद्धिक एवं प्राज्ञिक सल्लाह दिनुका साथै क्याम्पसमा आइ परेका हरेक समस्या समाधानमा सक्दो सहयोग गर्नु प्रत्येक शिक्षक तथा कर्मचारीको कर्तव्य हुनेछ ।

५) हानी नोक्सानी गर्न नहुने : क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीले क्याम्पसको कुनै सम्पत्ति हानी नोक्सानी गर्नु हुँदैन ।

६) राजनीतिक निर्वाचनमा उम्मेद्वार वन्न नहुने :

क) शिक्षक वा कर्मचारीले कुनै पनि राजनितिक संगठनको सदस्यता लिई राजनीतिक निर्वाचनमा उम्मेद्वार वन्नु हुँदैन । तर प्रचलित कानुन वमोजिम वैठक, कार्यशाला, गोष्ठी, सम्मेलन, छलफलमा भाग लिई आफ्नो विचार व्यक्त गर्न र प्राज्ञिक स्वतन्त्रताको उपयोग गर्न यस नियमले वाधा पुर्‍याएको मानिने छैन ।

ख) कुनै शिक्षक वा कर्मचारीले स्थानिय वा राष्ट्रिय तहको कुनै राजनितिक निर्वाचनमा भाग लिन चाहेमा उमेद्वारीको मनोनयन दाखिला गर्नु पूर्व कम्तीमा १५ दिन अगाडि क्याम्पस सेवा वाट राजीनामा दिनुपर्नेछ । तर विश्व विद्यालय वाट मान्यता प्राप्त त्रि.वि.वि. प्राध्यापक संघ, नेपाल प्राध्यापक संघ वा विश्वविद्यायलय वा जनप्रकाश क्याम्पस अन्तर्गतका कर्मचारी संघ वा कुनै वर्गीय एवं पेशागत हित र एकताका लागि संगठित हुन र कुनै पनि शैक्षिक, समाजिक, साहित्यीक, धार्मिक संस्थाको पदमा उमेद्वार हुन यस नियमले वाधा पुर्‍याएको मानिने छैन ।

७) उचित आदर र व्यवहार देखाउनुपर्ने : क्याम्पसमा कार्यरत हरेक पदाधिकारी, शिक्षक तथा कर्मचारीहरुले आफू भन्दा माथिका प्रति उचित आदर एवं आफूभन्दा मुनिकालाई उचित व्यवहार देखाउनुपर्नेछ ।

८) अपराधलाई प्रश्रय दिन नहुनः कुनै पनि अपराधलाई प्रश्रय हुने गरी तालाबन्दी र घेराउ गर्नु, शारीरिक वा मानसिक कष्ट हुने गरी दवाव र यातना दिनु वा सो उद्देश्यले अरुलाई समेत उक्साउन हुँदैन ।

९) भ्रष्टाचार तथा अनियमित कार्य गर्न नहुनः शिक्षक तथा कर्मचारीले क्याम्पसलाई हानी हुने गरी नियतवश कुनै पनि किसिमको भ्रष्टाचार गर्नुहुँदैन । क्याम्पस समयमा क्याम्पस भित्र मादक पदार्थ वा लागूपदार्थ सेवन गर्ने जस्ता नैतिक पतन ठहरिने तथा चरित्रहिन कार्य गर्नुहुँदैन ।

१०) तोकिएको काम पूरा गर्नुपर्ने : पदाधिकारी, शिक्षक तथा कर्मचारीले प्राज्ञिक एवं प्रशासनिक क्षेत्रसा तोकिए वमोजिमको जिम्मेवारी इमान्दारी एवं सक्षमता पूर्वक पूरा गर्नुपर्ने छ ।

११) स्वच्छ एवं मर्यादित शैक्षिक वातावरण कायम गर्नेः क्याम्पसको शैक्षिक एवं प्रशासनिक वातावरणलाई मर्यादित, व्यवस्थित एवं संस्थागत गर्ने तर्फ सजग र क्रियाशिल रहने ।

४२. खराब आचरणमा कारवाही

सजाय

शिक्षक तथा कर्मचारीलाई गर्न सकिने सजायः उचित र पर्याप्त कारण भेटिएमा त्यस्ता शिक्षक तथा कर्मचारीलाई देहाय वमोजिमको सजाय गर्न सकिनेछ।

१) सामान्य सजाय

क) नसिहत दिने,

ख) वढीमा २ ग्रेड वृद्धि रोक्का गर्ने,

ग) वढीमा २ वर्षका लागि वढुवा रोक्का गर्ने,

२) देहायको अवस्थामा शिक्षक तथा कर्मचारीलाई नसिहत दिन वा ग्रेड वृद्धि वा वढुवा रोक्का गर्न सकिनेछ

क) काम सन्तोषजनक नभएमा,

ख) पूर्व स्वीकृति नलिई वरावर अनुपस्थित रहेमा,

ग) अनुशासनहीन काम गरेमा,

घ) आचरण सम्वन्धी नियम बारम्वार उल्लंघन गरेमा,

ङ) तोकिए बमोजिमको कार्य नगरेमा।

३) देहायको अवस्थामा शिक्षक तथा कर्मचारीहरुलाई क्याम्पस सेवा वाट हटाउन सकिनेछ :

क) आफ्नो कर्तव्य प्रति बफादर नरही अनुत्तरदायी बन्ने र बारम्बार लापारवाही गरेमा,

ख) कार्य क्षमताको अभाव भएमा,

ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालत बाट कसुरदार सावित भएमा,

घ) मानसिक सन्तुलन गुमाई कर्तव्य पालन गर्न नसक्ने प्रमाणित भएमा,

ङ) भ्रष्टाचार गरेमा,

च) लगातार ४५ दिन सम्म विना सूचना क्याम्पसमा अनुपस्थित रहेमा।

छ) सेवा प्रयोजनका लागि पेश गरिएको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली ठहरिएमा।

ज) प्रत्यक्ष वा अप्रत्यक्ष संस्थाको शैक्षिक, आर्थिक जस्ता क्रियाकलापमा हानी नोक्सानी हुने काम गरेमा

४३. सजायको कार्य विधि

क) स्थायी वा एक वर्ष अविछिन्न सेवा गरेका शिक्षक तथा कर्मचारीलाई खराव आचरणमा सजाय गर्नु अघि खराव आचरण गरेको तथ्य र सो प्रमाणित भएमा हुने सबै सजाय समेत स्पष्ट उल्लेख गरी त्यस्तो शिक्षक तथा कर्मचारीलाई आफ्नो स्पष्टीकरण पेश गर्न कम्तीमा ७ दिनको म्याद दिइनेछ

ख) म्यादभित्र स्पष्टीकरण पेश नगरेमा वा पेश गरेको स्पष्टीकरण सन्तोषजनक नभएमा निजलाई खराव आचरण गरे वापत सजाय गर्न सकिनेछ ।

ग) स्पष्टीकरण, खराव आचरणको सजाय गरेको पत्र तथा अन्य कागजातहरु, निर्देशनहरु नवुझी गैरहाजिर भएको अवस्थामा निजको नामको पत्र घर ठेगानामा हुलाक वाट रजिष्टर्ड गरी पठाइनेछ र उक्त विषय उपर कम्तीमा ३ जनाको रोहवरमा मुचुल्का उठाइ एक प्रति क्याम्पसको सूचना पाटीमा टाँस गरे पछि सम्वन्धित व्यक्तिलाई सुचना प्रदान गरेको मानिने छ ।

घ) कुनै शिक्षक तथा कर्मचारीले खराव आचरण गरेको आरोप लागेमा अनुसन्धानको निमित्त अनुसन्धान अवधिभर अभियोग लागेको व्यक्तिलाई निलम्वन गर्न सकिनेछ ।

❖ **स्पष्टिकरण** : खराव आचरण गरेवापत पटक पटक नसिहत वा सजाय पाएको वा कार्य क्षमताको अभावका कारण सेवा सन्तोषजनक नभएमा वा स्वास्थ्यका कारण वा क्याम्पसलाई कुनै पनि अवस्थामा सेवा आवश्यक नपरेको खण्डमा वाहेक सामान्यत: ७ वर्ष सम्म अविछिन्न सेवा गरिसेकेका शिक्षक, कर्मचारीलाई उनीहरुको इच्छा विपरीत सेवा बाट हटाइने छैन ।

४४. कार्यदक्षताको मूल्यांकन

क) क्याम्पस प्रमुखले हरेक शिक्षक तथा कर्मचारीहरुको सेवा सम्वन्धी अभिलेख गोप्य रुपमा राख्ने व्यवस्था मिलाउनुपर्नेछ र त्यसमा उल्लेखित विवरणहरु अदालत, सम्वन्धित कार्यालय वा सञ्चालक समितीले मागेमा वाहेक अन्य कसैलाई पनि दिइने छैन ।

ख) सेवा सम्वन्धी अभिलेखमा शिक्षक तथा कर्मचारीहरुको सामान्य काम तथा गतिविधिहरु, मूल्यांकन प्रतिवेदन, प्रशंसापत्र र चेतावनी पत्रहरु संलग्न हुनेछन् ।

ग) शिक्षक तथा कर्मचारीहरुको कार्य क्षमताको मूल्यांकन प्रतिवेदन निजहरुसँग काम गर्ने निकटतम सुपरिक्षकले क्याम्पस प्रमुख वा निजले तोकेको व्यक्तिलाई दिनेछ । त्यस्तो मूल्यांकन नै वढुवा तथा वृत्ति विकासको आधार हुने छ ।

४५.विनियमको कार्यान्वयन

क)	शिक्षक तथा कर्मचारीहरुको सेवा तथा सुविधा सम्वन्धी यस विनियमको कार्यान्वयन गर्नु प्रत्येक विभागिय प्रमुखको दायित्व हुनेछ र यस विनियमको पालना नगरी अन्यथा गरिएको पाइएमा खराव आचारण गरेका मानी कारवाही गर्न सकिनेछ ।

ख)	यस विनियमको कुनै उपनियम वा पूरै विनियमको संवन्धमा कुनै विवाद आएमा व्याख्या गर्ने अधिकार सञ्चालक समितीलाई हुनेछ र सञ्चालक समितीको निर्णय ने अन्तिम निर्णय हुने छ।

४६.	पुनरावेदन

कुने शिक्षक वा कर्मचारीलाई सञ्चालक समितीले गरेको फैसलामा चित्त नवुझेमा सजायको सूचना पाएको मितीले ३५ दिन भित्र अदालत समक्ष उजूरी पेश गर्न सक्नेछ ।

४७. सेवामा पुनः कायम रहेमा तलब भत्ता पाउने

कुनै शिक्षक वा कर्मचारीलाई क्याम्पसको सेवा वाट हटाउने वा बर्खास्त गर्न आदेश वदर भई निज पुनः सेवामा कायम रहेको अवस्थामा निजलाई निलम्वन वा बर्खास्त गरिएको मिती देखि पुनः कायम भएमा मिती सम्मको पूरा तलब भत्ता र ग्रेड वृद्धि भएमा सो समेत निजले पाउनेछ ।

४८. राजीनामा

क्याम्पसका कुनै पनि शिक्षक तथा कर्मचारीले राजीनामा दिन चाहेमा सामान्यतः तिन महिना अगाडि अग्रिम सूचना दिई राजीनामा दिन सक्नेछन् ।

४९. आदेश वा सूचना

यस नियमहरुको प्रयोजन हेतु अख्तियारवालाले समय समयमा जारी गर्ने आदेश वा सूचनालाई यस विनियम अन्तर्गत जारी गरिएको मानिनेछ र त्यस्तो आदेश वा सूचना यस विनियम सरह लागू हुनेछ ।

५०. वुझवुझारथ

क्याम्पसको सेवा बाट निवृत्त भएमा वा कुनै किसिमले टेवा टुटेमा वा निलम्वित भएमा वा लामो अवधिको विदा वस्नुपर्ने भएमा वा लामो अवधिको निमित्त काजमा खटिएमा वा अन्य शाखामा स्थानान्तरण भई जानुपरेको खण्डमा त्यस्ता पदाधिकारी, शिक्षक तथा कर्मचारीले क्याम्पसमा आफ्नो जिम्मामा रहेका सम्पूर्ण जिन्सी, नगदी, कागजात, लिखत आदि अधिकारवालाले तोकेको व्यक्तिलाई वुझवुझारथ गरी लिखित भरपाइ लिनु पर्नेछ । वुझ वुझारथा नगरेको कारण बाट काममा वाधा वा नोक्सानी हुन गएमा सम्वन्धीत व्यक्ति जिम्मेवार हुनुपर्नेछ ।

५१. अधिकार प्रत्यायोजन

पदपूर्ति समिती र पुनरावेदन समिती वाहेकका अख्तियारवालाले आफूमा अन्तरनिहित भएको सवै वा कुनै अधिकार आफ्ना मातहतका कुनै अधिकृत स्तरका कर्मचारीलाई लिखितरुपमा प्रयायोजन गर्न सक्नेछ ।

५२. वाधा अड्चन फुकाउन अधिकार

यस नियमहरुको प्रयोग गर्दा कुनै किसिमको वाधा अड्चन आइपरेमा सो लाई फुकाउने अधिकार क्याम्पस सञ्चालक समितिलाई हुनेछ ।

५३. क्याम्पसको छापको प्रयोग

क) क्याम्पसको छाप क्याम्पस प्रमुखको मातहतमा रहनेछ, जसको प्रयोग क्याम्पसको प्रशासनिक प्रयोजनका लागि गरिनेछ । निजले क्याम्पसका अन्य कर्मचारीहरुलाई छापको प्रयोग गर्ने गरी जिम्मेवारी सम्पन सक्नेछ ।

ख) क्याम्पसको छाप अनाधिकृत रुपमा प्रयोग गरी क्याम्पसलाई दायित्व सिर्जना भएमा सो छाप जिम्मा लिने व्यक्ति वाट त्यस्तो दायित्व वापत सिर्जना हुने अवस्थाको क्षतिपूर्ति स्वरुप रकम असुलउपर गरिनेछ । क्याम्पसको छाप तथा लेटर प्याड आदि अनाधिकृत रुपमा प्रयोग गरेको वा छपाइएको पाइएमा उक्त व्यक्ति समेत सजायको भागी हुनेछ ।

ग) क्याम्पसको छाप प्रयोग हुने कागजपत्र -लेटर प्याड आदि) मा दस्तखत गर्ने व्यक्ति कम्तीमा सहायक प्राध्यापक वा सहायक प्रशासक सरहको अधिकृत हुनुपर्नेछ ।

५४. असल नियतले गरेको कामको जवाफदेही

यस नियमहरुको अधिनमा रही असल नियतले गरेको कामको निमित्त कुनै पनि अख्तियारवाला वा सम्वन्धित कर्मचारीलाई व्यक्ति गत रुपले जवाफदेही तुल्याइने छैन ।

५५. खारेजी र बचाऊ

यो विनियम लागू भएको मिती भन्दा पहिले भएका कामकारवाहीहरु यसै विनियम वमोजिम भएको मानिने छ । साथै विनियम लागू हुने मिती संचालक समितीको बैठकले तोके वमोजिम लागू हुने छ ।

**समाप्त**